# प्रतिनिधि सभा निर्वाचन २०८२ घोषणा-पत्र

"नौलो गणतन्त्र, पूर्ण प्रादेशिक स्वायत्तता र वैज्ञानिक नेतृत्वको मार्गचित्र"

नेपालमा विभिन्न कालखण्डमा भएका जनआन्दोलन, विद्रोह, गणतान्त्रिक आन्दोलन, मधेश आन्दोलन, थरूहट आन्दोलन, स्वराज आन्दोलन र भदौमा भएको जेन-जी विद्रोहद्वारा अभिव्यक्त जनआंकाक्षालाई सम्मान गर्दै तथा ती आन्दोलनका वीर शहीदहरू, घाइतेहरू तथा योगदान दिएका योद्धाहरूलाई कदर गर्दै जनमत पार्टी यो घोषणापत्रमार्फत देशलाई संरचनागत सुधारसहित नयाँ दिशा दिने स्पष्ट प्रतिवद्धता व्यक्त गर्दछ। हाम्रो उद्देश्य केवल राज्यसत्ता प्राप्ति गर्नु होइन, सरकार बनाउनु होइन, कसैलाई प्रधानमन्त्री र मन्त्री बनाउनु होइन, बरु जनताको हितमा प्रणाली बदल्नु हो तथा त्यसमार्फत् जनताको अवस्था परिवर्तन गर्नु हो। हामी 'नौलो गणतन्त्र' को अवधारणा प्रस्तुत गर्दै देशलाई स्थिरता, समृद्धि र सामाजिक न्यायको मार्गमा अघि बढाउने संकल्प गर्दछौं।

## १. वैचारिक आधार

(क) **नौलो गणतन्त्र**: नौलो गणतन्त्र भनेको जनताको प्रत्यक्ष सहभागितामा आधारित स्थिर शासन व्यवस्था हो। प्रत्यक्ष निर्वाचित कार्यकारी, जनमत–संग्रह, राइट टु रिकल, राइट टु रिजेक्ट, निर्वाचित न्यायपालिका र विज्ञद्वारा सञ्चालित मन्त्रालय यसका आधार हुन्।

(ख) **सामुदायिक स्वराज**: हामी जल, जमिन र जंगलमा स्थानीय समुदायको अग्राधिकार स्थापित गर्नेछौं। प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउँदै विकेन्द्रित शासन प्रणाली लागू गरिनेछ।

(ग) **सामाजिक लोकतन्त्र**: राज्यले अवसर सिर्जना गर्ने, निजी र सहकारी क्षेत्रले उत्पादन गर्ने, र समुदायले निगरानी गर्ने प्रणाली नै हाम्रो सामाजिक लोकतन्त्र हो। राज्य निर्भरता होइन, आत्मनिर्भरता हाम्रो लक्ष्य हो।

## २. शासकीय सुधार

अस्थिर सरकार, भ्रष्टाचार, जवाबदेहितामा कमी, राजनैतिक हस्तक्षेप आदि नै देशमा व्याप्त कुशासनको जरो रहेको ठहर गर्दै उपचार स्वरूप हामीले नौलो गणतन्त्रको अवधारणा अन्तर्गत निम्न शासकीय सुधारको एजेण्डा राखेका छौः

(क) प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख र मुख्यमन्त्रीको व्यवस्था गरेर अस्थिरता अन्त्य गर्ने

(ख) निर्वाचनमा 'राइट टू रिजेक्ट', 'राइट टू रिकल' को व्यवस्था गरेर जवाबदेहिता लागू गर्ने

(ग) विदेशमा रहेका नेपालीले मतदान गर्न सक्ने

(घ) विज्ञहरूद्वारा मन्त्रालय संचालन गरिने, सांसद/सभासद मन्त्री नबन्ने जसले गर्दा उनीहरू ऐन-कानून बनाउन केन्द्रित हुने तथा पार्टीहरू फुट्ने क्रम रोकिने

(ङ) दबाब र स्वार्थ समूहबाट मुक्त संसद्, संसदमा वैचारिक अडानको लागि ह्वीप नलाग्ने; जनमत-संग्रहबाट पनि ऐन बनाउन सकिने

(च) न्यायपालिकामा पनि पार्टी भागबण्डामा सरकारद्वारा न्यायाधीश नियुक्त नभई निर्वाचित हुने

(छ) निर्वाचन आयोग, अख्तियार सहितका संवैधानिक निकायका प्रमुखहरू प्रत्यक्ष निर्वाचित हुने

(ज) कर्मचारीतन्त्रमा दलीयकरण, भ्रष्टाचार र ढिलासुस्ती हटाउने

(झ) सामाजिक लोकतन्त्रको आर्थिक नीति लिने, उत्पादनमुखी उद्योगहरू खोलेर लाखौं रोजगारी दिने

(ञ) नियुक्ति, ठेकापट्टा आदिमा 'कन्फ्लिक्ट अफ इन्टरेस्ट' नहुने सुनिश्चितता गर्ने

(ट) पार्टी एवम् नेताहरूको बन्धक तथा सिन्डिकेटबाट देशलाई मुक्त गर्दै जनता राज स्थापित गर्ने

(ठ) ट्राइब्यूनल गठन गरेर भ्रष्टाचार, अनियमितता र दण्डहीनताको छानबीन गर्ने

## ३. पूर्ण प्रादेशिक स्वायत्तता र समानता

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पछि र संघीयता आएर स्थानीय तहसम्म अधिकार गए पछि कहिले नपाएका अधिकारहरू जनताले पाएका छन्। २५० वर्षसम्म नभएको विकास पनि भएर घर-घर सडक ढलान पुगेको छ। मधेशी, मुस्लिम, थारू, दलित, अल्पसंख्यक, पिछडावर्ग र आदिवासी-जनजातिले ससम्मान आफ्नो कतिपय अधिकार पाएका छन् भने कति पाउने क्रममा छन्। त्यसैले जनमत पार्टी संघीयताको संरक्षण गर्दै थप अधिकारको लागि स्वायत्तताको माग अगाडि सारेको छ।

(क) मधेश सहितका प्रदेशलाई पूर्ण स्वायत्त प्रदेश घोषणा गर्ने। राजनैतिक, प्रशासनिक तथा आर्थिक सहित १२ किसिमका स्वायत्तता प्रदान गर्ने। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, साधन-स्रोतमा स्वायत्तता कायम गर्ने (जस्तैः आफ्नो मलखाद आफैं खरीद तथा उत्पादन गर्न पाउने, उद्योग खोल्न पाउने)। अधिकार खोस्ने गरी संघको अनावश्यक हस्तक्षेप बन्द गर्ने। संघमा मूलतः परराष्ट्र, रक्षा तथा मौद्रिक नीति हेर्ने मन्त्रालय मात्रै राखेर अन्य कामको जिम्मेबारी प्रदेशहरूलाई दिनु पर्ने।

(ख) प्रहरीलाई पूर्णतः प्रदेश मातहत कायम गर्ने। ३०,००० जेन-जी युवालाई प्रदेश प्रहरीमा भर्ना गर्ने ।

(ग) प्रदेशका कर्मचारी पूर्णतः प्रदेश मातहत कायम गर्ने। कर्मचारीहरूले स्थानीय भाषामा सेवा दिन योग्य हुनु पर्ने।

(घ) संघको प्रमुख जिल्ला अधिकारी/जिल्ला प्रहरी प्रमुख फिर्ता लिने र स्थानीय जनतामाथि भइरहेको दमन शोषण अत्याचार बन्द गर्ने।

(ङ) स्थानीय तहहरूलाई प्रदेश मातहत कायम गर्ने तथा अवशिष्ट अधिकार प्रदेशलाई दिँदै तीनै तहको अधिकार स्पष्ट रूपले बाँडफाँड गर्ने ।

(च) तराई-मधेशको जनसंख्या ५४% रहेकोमा जनसंख्या र सांस्कृतिक एक-रूपताका आधारमा निर्वाचन क्षेत्र पुनर्निधारण गर्ने तथा प्रदेशको सीमाङ्कन संशोधन गर्ने।

(छ) सेनामा मधेशी/थारू/दलित/मुस्लिम/ आदिवासी-जनजातिको सहभागिता समानुपातिक बनाउन समूहगत भर्ती तत्काल सुरु गर्ने।

## ४. संविधान संशोधन

नौलो गणतन्त्र तथा प्रादेशिक स्वायत्ततासहितको मागलाई सम्बोधन गर्न तथा नेपाललाई सबैको साझा बहुराष्ट्रिय राज्यको रुपमा स्थापित गर्न आवश्यक संविधान संशोधन गरिनेछ। संविधान संशोधन केवल संसदको दुई-तिहाईको बहुमतले मात्र हुने नभई जनमत-संग्रहको मार्फत् पनि हुने स्पष्ट ऐन ल्याइनेछ भने **पाँच लाख मतदाताले हस्ताक्षर गरेर संसद् सचिवालयमा पेश गरेमा कुनै पनि कानून वा संविधान संशोधनको विषयमा जनमत-संग्रह गर्नुपर्ने** प्रावधान राखिनेछ।

## ५. आर्थिक क्रान्ति

जनमत पार्टीले देशमा व्याप्त चरम बेरोजगारी र युवा पलायनलाई रोक्न "**हरेक घरमा न्यूनतम एक रोजगारी**" को राष्ट्रिय सङ्कल्प गरेको छ। हाम्रो प्रमुख लक्ष्य आगामी पाँच वर्षभित्र स्वदेशमै २० लाख रोजगारी सिर्जना गर्नु हो, ताकि नेपाली युवाहरू सामान्य जीविकोपार्जनका लागि खाडी मुलुकमा पसिना बगाउन बाध्य नहोऊन्। यस आर्थिक क्रान्तिको मेरुदण्डको रूपमा अनेकौं औद्योगिक कोरिडोर र विशेष आर्थिक क्षेत्र (SEZ) हरू निर्माण गरिनेछ। त्यहाँ स्थापना हुने एसेम्बली लाइन र उत्पादनमुखी उद्योगहरूले स्थानीय स्तरमै हजारौँलाई रोजगारी प्रदान गर्नेछन्। हामी  कृषिलाई उद्योगसँग जोड्दै कृषि क्षेत्रमा पनि व्यापक रोजगारी सिर्जना गर्नेछौं।

यसका साथै आईटी पार्क (IT Park), इन्क्यूबेशन सेन्टर, कल सेन्टर र 'कोडिङ्ग आर्मी' मार्फत सूचना प्रविधिको क्षेत्रमा युवाहरूलाई विश्वस्तरको प्रतिस्पर्धामा उतार्नेछौँ। वैदेशिक लगानी (FDI) भित्र्याई ठूला परियोजनाहरू सञ्चालन गर्ने र स्टार्टअप अनुदान मार्फत स्वरोजगारीलाई प्रोत्साहन गरिनेछ।

भ्रष्टाचारमुक्त 'क्यासलेस' अर्थतन्त्रको स्थापना गर्दै तथा स्वार्थ-बाँझिने ('कन्फ्लिक्ट अफ इन्टरेस्ट') ठेक्कापट्टाको अन्त्य गरी देशलाई आयातमुखीबाट आत्मनिर्भर उत्पादनमुखी अर्थतन्त्रतर्फ डोऱ्याइनेछ।

## ६. कृषि क्रान्ति

कृषि क्षेत्रको आमूल रूपान्तरणका लागि जनमत पार्टीले 'किसान आन्दोलन' को भावना अनुसार काम गर्नेछ। हामी हरेक किसानलाई 'किसान कार्ड' प्रदान गरी योगदानमा आधारित पेन्सन सुनिश्चित गर्नेछौं। मलको समस्या सदाका लागि अन्त्य गर्न स्वदेशमै आफ्नै प्राङ्गारिक तथा रासायनिक मल कारखाना स्थापना

गरिनेछ। सिँचाइका लागि 'इन्टररिभर लिकिंग' परियोजना अगाडि बढाउनुका साथै  निःशुल्क कृषि मिटर उपलब्ध गराइनेछ। भूमिको खण्डीकरण रोक्न 'सामुदायिक चकलाबन्दी खेती' को अवधारणा लागू गरिनेछ भने निर्यातमुखी कृषि उत्पादन बढाइनेछ। कृषि उपजको न्यूनतम समर्थन मूल्य राज्यले तोक्नेछ र बजारको पूर्ण ग्यारेन्टी गर्नेछ। यसले कृषिमा स्वदेशी रोजगारी सिर्जना गरी युवा पलायन रोक्नेछ।

## ७. शिक्षा र स्वास्थ्य

शिक्षा र स्वास्थ्य व्यापार होइन, मौलिक अधिकार हुनुपर्छ र सबै नागरिकको सहज पहुँच सुनिश्चित गरिनु पर्दछ।  सरकारी र निजी विद्यालयको विभेद अन्त्य गर्न सम्पूर्ण शिक्षा अंग्रेजी माध्यमबाट हुनेछ भने अन्य भाषाहरू ऐच्छिक रूपमा अध्ययन गराइनेछ। कक्षा १२ सम्मको शिक्षा पूर्णतः निःशुल्क र अनिवार्य गरिनेछ। शिक्षकको तलब अन्य सरकारी कर्मचारीभन्दा २०% बढी बनाइनेछ ताकि उत्कृष्ट प्रतिभा शिक्षण पेसामा आकर्षित हुनसकून्।

'घरदैलो स्वास्थ्य सेवा' र निःशुल्क स्वास्थ्य बिमा मार्फत सबै नागरिकलाई स्तरीय उपचार ('युनिभर्सल हेल्थ केयर') उपलब्ध गराइनेछ। हरेक प्रदेशहरूमा कम्तीमा एउटा अति-विशेषज्ञता अस्पताल खोलिनेछ।

## ८. परराष्ट्र नीति र राष्ट्रिय सुरक्षा

नेपाल शक्ति-केन्द्रहरूको रणभूमि बन्ने खतरा रहेको आशंका पछिल्ला गतिविधिहरूले समेत छरपस्ट देखाइरहेको हुँदा जनमत पार्टी स्वतन्त्र, सन्तुलित र राष्ट्रिय हितमा आधारित असंलग्न परराष्ट्र नीतिको पक्षमा छ। छिमेकी राष्ट्रहरूसँग आपसी सम्मान, समानता र पारस्परिक लाभका आधारमा सम्बन्ध सुदृढ गरिनेछ। अन्तर्राष्ट्रिय मञ्चमा नेपालको सार्वभौमिकता, आर्थिक हित र आप्रवासी नेपालीहरूको अधिकार संरक्षणलाई प्राथमिकता दिइनेछ। वैदेशिक

सहायता र लगानीलाई उत्पादनमुखी क्षेत्रतर्फ केन्द्रित गरिनेछ। कुनै शक्ति–गुटको प्रभावमा होइन, नेपाल–केन्द्रित कूटनीति हाम्रो मूल आधार हुनेछ।

सुरक्षा भनेको केवल हतियार होइन, नागरिकको अनुशासन पनि हो। माध्यमिक शिक्षा पूरा गरेका हरेक युवालाई १ वर्षको 'राष्ट्रिय स्वयंसेवक कोर' मा सामेल गराई सैनिक र स्वयंसेवक तालिम अनिवार्य गरिनेछ। सेना र प्रहरीमा मधेशी, थारु, दलित, मुस्लिम, पिछडावर्ग,जनजाति र अल्पसंख्यकको समानुपातिक प्रवेश सुनिश्चित गरिनेछ। साइबर सुरक्षा र डाटा संरक्षणका लागि अत्याधुनिक प्रविधि भित्र्याइनेछ।

## ९. सामाजिक न्याय

जनमत पार्टी सामाजिक न्यायलाई केवल नारा होइन, राज्यको आधारभूत दायित्वका रूपमा हेर्छ। हाम्रो दृष्टिमा सामाजिक न्याय भनेको हरेक नागरिकले समान अधिकार, समान अवसर र सम्मानजनक जीवन पाउने सुनिश्चितता हो। नेपालका दलित, महिला, मुस्लिम, थारू, आदिवासी जनजाति, मधेशी, पिछडावर्ग, अपांगता भएका व्यक्ति तथा सीमान्तकृत समुदायहरू ऐतिहासिक रूपमा राज्यको पहुँच र निर्णय प्रक्रियाबाट टाढा राखिएका छन्। यस असमानतालाई अन्त्य गर्न हामी शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक प्रतिनिधित्वमा सुनिश्चित सहभागिता र प्रभावकारी आरक्षण नीति लागू गर्नेछौं। नागरिकता सम्बन्धी जटिल समस्या मानवीय र संवैधानिक आधारमा समाधान गरिनेछ ताकि कुनै पनि नेपाली पहिचानविहीन नहोस्। भूमिहीन, हरवाहा-चरवाहा तथा सुकुम्बासीलाई भूमि उपलब्ध गराउनु हाम्रो दायित्व हुनेछ। शहीद परिवारलाई आर्थिक सहयोग र रोजगारी प्रदान गर्नु हाम्रो कर्त्तव्य हुनेछ। सामाजिक सुरक्षा कार्यक्रमलाई विस्तार गरी ज्येष्ठ नागरिक, एकल महिला, श्रमिक, तथा अपांगता भएका व्यक्तिलाई सम्मानजनक भत्ता र सेवा सुनिश्चित

गरिनेछ। साथै जातीय भेदभाव, लैंगिक हिंसा र धार्मिक असहिष्णुताविरुद्ध कडा कानुनी कार्यान्वयन गरिनेछ। हाम्रो लक्ष्य विभेदरहित, समावेशी र समानतामूलक समाज निर्माण गर्नु हो, जहाँ राज्यको शक्ति केही सीमित समूहका लागि होइन, सम्पूर्ण जनताको हितका लागि प्रयोग हुनेछ।

## १०. वैदेशिक रोजगारी सम्बन्धी

देशभित्र पर्याप्त र सम्मानजनक रोजगारी सिर्जना गर्नु नै हाम्रो प्राथमिक ध्येय हो। तर हाल स्वदेशमै कामको सुनिश्चितता नभई विदेश जानै पर्ने नागरिकको लागि अनिवार्य सीप तालिम, अभिमुखीकरण र कानुनी संरक्षणको व्यवस्था गरिनेछ। भिसा र टिकट खर्च रोजगारदाताबाटै व्यहोर्ने साथै मृत्यु भएकाको शव छिट्टै ल्याउने व्यवस्था गरिनेछ। फिर्ता भएका कामदारहरूको सीप पहिचान गरी 'रिटर्नी डाटाबेस' राखेर विभिन्न स्वरोजगार तथा रोजगारीका कार्यक्रमहरू ल्याइनेछ।

## ११. युवा तथा खेलकुद

युवा शक्ति राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने विश्वाससहित जनमत पार्टी युवालाई रोजगारी, उद्यमशीलता र नेतृत्वमा अग्रसर गराउने नीति लिनेछ। राष्ट्रिय स्वयंसेवक कार्यक्रममार्फत सीप विकास, सामाजिक सेवा र राष्ट्र निर्माणमा युवाको सहभागिता सुनिश्चित गरिनेछ। स्टार्टअप कोष स्थापना गरी नवप्रवर्तन र उद्यमलाई सहुलियत ऋण तथा अनुदान उपलब्ध गराइनेछ। खेलकुद पूर्वाधार प्रत्येक प्रदेशमा विस्तार गरिनेछ र विद्यालयस्तरदेखि राष्ट्रियस्तरसम्म प्रतिस्पर्धात्मक खेल संरचना निर्माण गरिनेछ। खेलाडीलाई छात्रवृत्ति, बीमा र

व्यावसायिक प्रशिक्षणको व्यवस्था गरिनेछ। हाम्रो लक्ष्य सक्षम, आत्मनिर्भर र अनुशासित युवा पुस्ता तयार गर्नु हो।

## १२. गरिबी निवारण

गरिबी केवल आयको कमी होइन, अवसरको अभाव पनि हो। जनमत पार्टी उत्पादनमुखी अर्थतन्त्र, सीप विकास र लक्षित सामाजिक सुरक्षामार्फत गरिबी न्यूनीकरण गर्ने रणनीति अपनाउनेछ। अति विपन्न परिवारका लागि रोजगारी ग्यारेन्टी कार्यक्रम लागू गरिनेछ। कृषि, साना उद्योग र सहकारी क्षेत्रलाई सुलभ ऋण र प्राविधिक सहयोग उपलब्ध गराइनेछ। शिक्षा, स्वास्थ्य र आधारभूत सेवामा पहुँच सुनिश्चित गरी बहुआयामिक गरिबी घटाइनेछ। सामाजिक सुरक्षा भत्ता पारदर्शी र लक्षित ढंगले वितरण गरिनेछ। महिलामुखी र दलित-केन्द्रित उद्यम कार्यक्रममार्फत आय वृद्धि गरिनेछ। लक्ष्य दिगो र आत्मनिर्भर जीवनस्तर सुनिश्चित गर्नु हो।

## १३. भौतिक पूर्वाधार, यातायात र ऊर्जा

जनमत पार्टी दिगो र वैज्ञानिक पूर्वाधार विकासलाई आर्थिक समृद्धिको आधार मान्दछ। पूर्व-पश्चिम तथा उत्तर-दक्षिण रणनीतिक सडक सञ्जाल सुदृढ गरिनेछ। प्रदेशलाई जोड्ने द्रुतमार्ग र पुल निर्माणलाई प्राथमिकता दिइनेछ। सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र विद्युतीय साधनमा रूपान्तरण गरिनेछ। ऊर्जा क्षेत्रमा जलविद्युत् र सौर्य ऊर्जाको थप विस्तार गरी दीगो निर्यात गरिनेछ। उद्योग र कृषि क्षेत्रमा भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गरिनेछ। पूर्वाधार परियोजनामा पारदर्शी ठेक्का प्रणाली र समयमै सम्पन्न गर्ने अनुगमन संयन्त्र लागू गरिनेछ। लक्ष्य सुरक्षित, सुलभ र दिगो पूर्वाधार निर्माण गर्नु हो।

## १४. पर्यटन

जनमत पार्टी पर्यटनलाई रोजगारी, आय आर्जन र सांस्कृतिक पहिचान सुदृढीकरणको प्रमुख आधारका रूपमा विकास गर्ने प्रतिवद्धता गर्दछ। धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा ग्रामीण पर्यटनलाई एकीकृत रूपमा प्रवर्द्धन गरिनेछ। प्रदेशस्तरमा पर्यटन मास्टर प्लान बनाई पूर्वाधार, प्रचार-प्रसार र सेवा गुणस्तर सुधार गरिनेछ। स्थानीय समुदायलाई पर्यटन उद्योगमा प्रत्यक्ष सहभागी गराई होमस्टे, इको-टुरिज्म र सांस्कृतिक महोत्सवलाई प्रोत्साहन गरिनेछ। विमानस्थल, सडक र डिजिटल सूचना प्रणाली सुधार गरी पर्यटकको आवागमन सहज बनाइनेछ। पर्यटन क्षेत्रका युवालाई तालिम, भाषा शिक्षा र आतिथ्य व्यवस्थापनमा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। हरेक पालिकामा एउटा आवासीय ध्यान केन्द्र बनाई त्यसलाई विदेशी पर्यटकको 'होम-स्टे'सँग आबद्ध गरी संचालन गरिनेछ। हाम्रो लक्ष्य दिगो, समावेशी र आय-मुखी पर्यटन अर्थतन्त्र निर्माण गर्नु हो।

## १५. वातावरण संरक्षण

जनमत पार्टी दिगो विकास र वातावरणीय सन्तुलनलाई राष्ट्रिय प्राथमिकतामा राख्दछ। जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न चुरिया संरक्षण, वन पुनर्स्थापना र वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ। नदी, पोखरी र भूमिगत जलस्रोत संरक्षणका लागि वैज्ञानिक योजना लागू गरिनेछ। प्रदूषण नियन्त्रणका लागि कडा मापदण्ड र स्वच्छ ऊर्जा प्रवर्द्धन गरिनेछ। सौर्य, बायोग्यास र साना जलविद्युत् परियोजनामा लगानी बढाइनेछ। कृषि, उद्योग र सहरी विकासमा वातावरणमैत्री प्रविधि अनिवार्य गरिनेछ। हाम्रो लक्ष्य स्वच्छ, हरित र भावी पुस्ताका लागि सुरक्षित नेपाल निर्माण गर्नु हो।

संक्षेपमा, जनमत पार्टी स्पष्ट दर्शन, वैज्ञानिक नेतृत्व र संरचनागत सुधारको खाकासहित प्रतिनिधि सभा निर्वाचन २०८२ मा प्रस्तुत भएको छ। पुराना दलहरूको असफलता र लोकप्रियतावादीहरूको हलुको व्यक्तिवादी नाराभन्दा माथि उठेर हामी दीर्घकालीन समाधान प्रस्तुत गर्छौं। हामीले बहुमत प्राप्त गरेको खण्डमा यी कुराहरू लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। जनमत पार्टीको मतदान चिन्ह लाउडस्पीकर (हर्न) छापमा मतदान गरी बहुमत दिन जनतासँग हामी हार्दिक अपील गर्दछौं।

जय स्वराज ! जय जनमत !

अबको पालो – वैज्ञानिक नेतृत्वको

अबको निकास – नौलो गणतन्त्रको विकास

निकास र विकासको लागि एउटै समाधानः लाउडस्पीकर हर्न छापमा मतदान